# शिवसताक्षी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

क्याङडाँडा, झापा

**Solid Waste incinerator** सञ्चालन सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सूचना ।

**दोश्रो पटक सूचना प्रकाशन मिति:- २०८१/०४/२३**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड (झ)को १० वमोजिम शिवसताक्षी नगरपालिकाको निर्णयानुसार नगरपालिका क्षेत्र भित्रउत्पादन हुने नसडिने फोहोरलाई जलाइ नष्टगर्न तथा फोहोरमैलाको उचित व्यस्थापन गर्न आ.व. २०८१/०८२ को लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले शिलबन्दी दरभाउपत्र सम्वन्धी कागजातमा उल्लेखित शर्तमा उल्लेखित न्यूनतम ठेक्का अंकमा नघट्ने गरी ७ दिने दरभाउपत्र आव्हान गरिएको छ । सूचना प्रकाशन भएको मितिले तोकिएको म्याद भित्र योग्यता पुगेका फर्म तथा कम्पनिहरुबाट दरभाउपत्र सम्वन्धि कागजात यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

| सि. नं. | आय ठेक्का नं. | ठेक्काको विवरण | न्यूनतम ठेक्का अंक भ्याट समेत | दरभाउपत्र फारम दस्तुर | दरभाउपत्र पेश गर्नु पर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोलिने मिति समय |
|---|---|---|---|---|---|---|
| १ | SM/IR/01 081/082 | Solid Waste incinerator सञ्चालन तथा व्यस्थापन | रु ९०,०००।०० (अक्षरेपी नब्बे हजार मात्र भ्याट समेत) | रु १०००।०० | २०८१/०४/३० दिनको १२:०० बजे भित्र | २०८१/०४/३० दिनको २:०० बजे |

**शर्तहरु :**

१) इच्छुक योग्य दरभाउपत्र दाताहरुले कागजात पेश गर्दा ईजाजत प्राप्त फर्म वा कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपी, नविकरण भएको दर्ताको प्रमाण पत्रको प्रतिलिपी, भ्याट (VAT) दर्ता प्रमाण पत्र र सम्भव भए सम्म आ.व.२०८०।०८१ को कर चुक्ता प्रमाण पत्र (नभएमा २०७९/८० को कर चुक्ता प्रमाणपत्र) को प्रमाणित प्रतिलिपी साथै स्व: घोषणा पत्र संलग्न राखी तोकिएको शिलबन्दी दरभाउपत्रसम्वन्धी कागजातको दस्तुर नगदै रु.१०००।० (पछि फिर्ता नहुने गरी) वा यस नगरपालिकाको नाममा नेपाल इन्भेष्टमेण्ट मेगा बैंक शिवसताक्षी शाखामा रहेको आन्तरिक राजश्व खाता नं. ग-१-१ ( २९६०१४०००००१७) मा जम्मा गरी भौचर तथा माथि उल्लेखित गरिएका कागजात पेश गर्नु पर्नेछ ।

२) तोकिएका समय भित्र पेश भएका दरभाउपत्रहरु उपस्थित हुन चाहेका दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा शिवसताक्षी नगरपालिकाको कार्यालयमा मिति **२०८१/०४/३०** गते दिउसो २:०० बजे खोलिनेछ । सो समयमा वोलपत्रदाता वा निजहरुको प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३) दरभाउपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको मिति र समयमा दरभाउपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम गरिनेछ ।

४) दरभाउपत्र जसको नाममा खरिद गरिएको हो सोही फर्मको नाममा दाखिला गर्नु पर्नेछ ।

५) कुनै वा सबै दरभाउपत्र, पुरै वा आंशिकरुपमाा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहने छ ।

६) दरभाउपत्र स्वीकृत भएको मितिले १५(पन्द्र) दिन भित्र सम्झौत गर्न यस कार्यालयमा आउनु पर्नेछ । सो अवधि भित्र सम्झौता गरी ठेक्का नलिएमा आवश्यक कानुनी कारवाही गरिने छ ।

७) ठेक्का सम्झौताको समयमा स्वीकृत ठेक्का रकम अग्रिम एकमुष्ट वुझाउनु पर्नेछ ।

८) ठेक्का सम्झौता गर्न बोलाएको निर्धारित समयभित्र आइ सम्झौता गरि कबोल अंक एकमुष्ट बुझाएमा कुल रकमको १० ( दश ) प्रतिशत छुट दिईनेछ ।

०९) ठेक्का संचालनको सिलसिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमानुसार बुझाउँनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा बुझाउँनु पर्नेछ ।

१०) ठेक्का अवधिभर ठेकेदारले ठेक्का तोड्न पाउने छैन , सम्झौता अवधि विचमा ठकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकममा १० प्रतिशत व्याज जोडी असुल उपर गरिने छ । यसरी ठेक्का तोडिन गई बाँकी अवधिको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कवोल गरे भन्दा कम रकम उठ्न गएमा सो कम रकम पनि पूर्व ठेकेदारबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

११) ठेक्का सम्झौता अवधिका सम्बन्धमा सञ्चालन तथा व्यवस्थापन **२०८४** असार मसान्तसम्म कायम रहनेछ र प्रत्येक आ.व.मा ठेक्का अंकमा १० प्रतिशतको बृद्धि हुनेछ ।

१२) मेशिनको सम्पूर्ण सञ्चालन ,व्यवस्थापन तथा मर्मतसंभार, विद्युत/पानी महसुल लगायतका अन्य संचालन खर्च समेत स्वयं ठेकेदारको हुनेछ।

१३) माथि उल्लेखित शर्तहरु वाहेक अन्यका हकमा प्रचलित नेपाल कानून वमोजिम हुनेछ ।

१४) ठेक्का तथा दरभाउपत्र सम्बन्धी आवश्यक कागजातसम्वन्धि अन्य जानकारीको लागि दरभाउपत्रदाताले कार्यालय मार्फत जानकारी प्राप्त गर्न सक्नेछ ।

............................

प्रमुख प्रशासकीय अधिकृत

अमृत बहादुर राई

प्रमुख प्रशासकीय अधिकृत